आज मिति २०७६ साल श्रावण ८ गतेका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.को अध्यक्षतामा बैठक प्रारम्भ गरियो।

उपस्थिति

(१) श्री निम बहादुर के.सी. - अध्यक्ष
(२) श्री टिकाशर्मा वली - उपाध्यक्ष
(३) श्री वसुन्धरा पुन - प्रमुख प्रशासकीय अधिकृत
(४) श्री कवि कुमार चन्द - वडाअध्यक्ष वडा नं. १
(५) श्री डिल्ली बहादुर के.सी. " " २
(६) श्री सेतिराम रोकाहा - " " ३
(७) श्री चन्द्रबहादुर रावत - " " ४
(८) श्री राम बहादुर के.सी. " " ५
(९) श्री दुर्गा बहादुर मल्ल " " ६
(१०) श्री अमृता कामी कार्यपालिका सदस्य
(११) श्री मञ्जु शाही " "
(१२) श्री जुना मल्ल चन्द " "
(१३) श्री सन्तराम कामी " "
(१४) श्री देवी खत्री " "
(१५) श्री धनिराम नेपाली " "
(१६) श्री खुम बहादुर के.सी. नायब सुब्बा
(१७) श्री पुतला खड्का रोकाया - का.वा. वडाअध्यक्ष
(१८) श्री जित बहादुर वली - खरिदार
(१९) श्री इन्द्र बहादुर भण्डारी - कानुनी सल्लाहकार

## प्रस्ताव

(१) योजना तथा कार्यक्रमको वार्षिक कार्ययोजना सम्बन्धमा ।
(२) सेवा तथा परामर्श सम्बन्धमा ।
(३) प्रसुति सेवा गृह निर्माण सम्बन्धमा ।
(४) काज सरुवा सम्बन्धमा ।
(५) शैक्षिक पुनर्संरचना कार्यदल गठन सम्बन्धमा ।
(६) प्राविधिक कर्मचारी सम्बन्धमा ।
(७) पाइप वितरण सम्बन्धमा ।
(८) घर भाडा सम्बन्धमा ।
(९) करार कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
(१०) कानुनी सल्लाहकार सम्बन्धमा ।
(११) आ. ले. प. सम्बन्धमा ।

## निर्णय

नि.नं. (१) प्रस्ताव नं.१ मा छलफल गर्दा आ.व.२०६६।०६७ को वार्षिक योजना तथा कार्यक्रमको वार्षिक कार्यतालिका सर्वसहमतिले पारित गरियो।

नि.नं.(२) प्रस्ताव नं.२ मा छलफल गर्दा दार्मा गाउँपालिका वडा नं.३ मा प्रसुति सेवा गृह निर्माण गर्न आवश्यक डि.पि.आर. गर्न रु ४लाख बजेट सेवा तथा परामर्श शिर्षकबाट विनियोजन गर्ने निर्णय पारित गरियो।

नि.नं.(३) प्रस्ताव नं.३ मा छलफल गर्दा दार्मा गा.पा. वडा नं.३ मा रहेको कि.नं.                    मा प्रसुति सेवा गृह निर्माणका लागी भवन निर्माण गर्न जिल्ला समन्वय समिति सल्यानको कार्यविधि अनुसार सम्पुरक अनुदानमा कार्यन्वयन गर्ने गरी दार्मा गा.पा. आ.व. २०६६।६७ को गाउँसभाबाट रु ४०लाख विनियोजन भए बमोजिम सम्झौता गर्ने निर्णय पारित गरियो।

नि.नं.(४) प्रस्ताव नं. ४मा छलफल गर्दा दार्मा गाउँपालिकाको शिक्षाशाखा अन्तर्गत कामकाज गर्ने गरी श्री जनजागृत आ.वि. दार्मा -४ का शिक्षक श्री कमल बहादुर चन्द र श्री सरस्वती प्रा.वि. दार्मा -१ का शिक्षक श्री तुलसी शर्मा लाइ काज सरुवा गर्ने र सो स्थानमा जनजागृत आ.वि.मा नि.मा.वि. र सरस्वती आ.वि. मा. प्रा.वि. अनुदान प्रदान गर्ने निर्णय पारीत गरियो।

नि.नं.(५) प्रस्ताव नं.५ मा छलफल गर्दा दार्मा गा.पा.को शिक्षा नियमावली अनुसार शैक्षिक सुधार गर्न तपसिल बमोजिम कार्यदल गठन गर्ने निर्णय पारित गरियो।

(क) संयोजक :- श्री कमल ब. चन्द - शिक्षक दार्मा ४
(ख) सदस्य :- तुलसी शर्मा - शिक्षक दार्मा १
(ग) सदस्य :- श्री नर बहादुर नेपाली - दार्मा-१
(घ) सदस्य - श्री जानकी चन्द - दार्मा ३
(ङ) सदस्य - द्रोण प्र.के.सी - दार्मा-६

नि.नं.(६) प्रस्ताव नं.६मा छलफल गर्दा यस कार्यालयमा कार्यरत सब इन्जिनियर श्री विष्णु रोकाय र खगेन्द्र वली १महिना भन्दा लामो समय कार्यालयमा अनुपस्थित भएको हुँदा निजहरुसँग करार सम्झौता तोडी तपसिल बमोजिम करार कर्मचारी लिन विज्ञापन सञ्चालन गर्ने निर्णय पारित गरियो।

### तपसिल

(१) सब इन्जिनियर - ३ जना
(२) अमिन - १ जना

साथै भलचौर स्वास्थ्य चौकीमा १ जना कार्यालय सहयोगी करार-मा भर्ना गर्न स्वास्थ्य व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय पारित गरियो ।

नि.नं (६) प्रस्ताव नं ६मा छलफल गर्दा खानेपानी पाइप वितरण गर्नका लागी प्राकृतिक विपद, पूर्वाधार निर्माण, अन्य आपतकालीन घटनाका कारण खानेपानी अवरुद्ध भएमा समग्र रु २५हजारसम्म लागत भएका विपद् व्यवस्थापन समितिको निर्णय, प्रहरी सर्जमिन मुचुल्का, वडाकार्यालयको सिफारिस समेत प्राप्त भएमा कार्यपालिकाको निर्णय भएमा योजनाशाखा बाट वितरण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

नि नं (८) प्रस्ताव नं. ८मा छलफल गर्दा शाखा कार्यालय रहेको दार्मा - ३ फाकुलाचौरमा रहेको श्री हानु के.सी.को घर आगामी ३महिना समयको लागी सम्झौता गर्ने र अन्य घरको भाडासम्झौता समेत गर्ने निर्णय पारित गरियो ।

नि.नं.(९) प्रस्ताव नं. ९मा छलफल गर्दा यस कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरु तथा स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइमा कार्यरत कर्मचारीहरुलाई म्याद थप गर्ने निर्णय पारित गरियो । साथै सामाजिक परिचालकहरुलाई कार्यलय सहयोगी सरह त.भ. उपलब्ध गराउने निर्णय पारित गरियो ।

नि.नं. (१०) प्रस्ताव नं. १० मा छलफल गर्दा यस दार्मा गाँउपालिकाको कार्यालयमा कार्यरत कानुनी सल्लाहकार श्री इन्द्र बहादुर भण्डारीलाई न्याय सम्पादन तथा मानवस्रोत व्यवस्थापन शिर्षकबाट रा.प.अनं. तृतीय श्रेणीको त.अ बराबर दिने गरी करार सम्झौता गरी कामकाजमा खटखटापेत ई त्र भ समेत उपलब्ध गराउने निर्णय पारित गरियो ।

नि.नं (११) प्रस्ताव नं. ११ मा छलफल गर्दा आ व २०६५।०६६को आ.लेप को. ले. नि. का सल्यानबाट गराउने निर्णय पारित गरियो ।